प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

बर्दिया, नेपाल

पत्र संख्या: ०७८/७९ सूचना नं.:१४

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७८/०९/२९

कार्यालयको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा संचालन गर्नुपर्ने तपशिल बमोजिमका कार्यक्रमहरुको कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधी, २०७८ अनुसारका शर्तहरु पालना गरि कार्यान्वयन गर्नका लागी ईच्छुक बर्दिया जिल्ला अन्तर्गतका उल्लेखित योग्य आवेदकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७८/१०/१३गते) भित्र आवश्यक कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डहरु कार्यालयको सुचनापाटी वा यस कार्यालयको वेभसाईट https://ialdobardiya.lumbini.gov.np बाट कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधी, २०७८ डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

तपशिल

| क.स | कार्यक्रमको नाम | स्विकृत बजेट | संख्या/ पटक | आवेदकको किसिम | न्युनतम मापदण्ड | सन्चालन गर्न सकिने कियाकलापहरु | अनुदान (प्रतिशत/ सिमा रकम) | कार्यक्रम लागु हुने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | मत्स्य व्यवसायका लागि यान्त्रीकरणमा सहयोग | ५ लाख | १ पटक | मत्स्य व्यवसाय गरेका कृषकहरु | कम्तिमा १ हे जलासय भएका। | एरिएटर, दाना बनाउने मेशिनहरु, पानी जाच्ने मेशिन, तथा मत्स्यमा प्रयोग हुने अन्य मेशिनरी सामाग्रीहरु | ५०% लागत सहभागिता<br>बढीमा रु. १ लाख प्रति प्रस्ताव | जिल्लाभर |
| २ | मिल्क एनलाइजर वितरण | १२.५ लाख | १० वटा | निजी डेरी/दुग्ध समुह/सहकारी / संघ संस्था/ डेरी उद्यमी/ कम्पनी | दैनिक रुपमा ४०० लिटर दुध संकलन हुनुपर्ने | कम्प्युटर सहितको मिल्क एनलाएजर सेट खरिद। | ५०% लागत सहभागिता | जिल्लाभर |
| ३ | च्याफ कटर वितरण | ३.७५ लाख | १५ वटा | व्यवसायिक पशुपालन गरेका कृषक/समूह/सहकारी/निजि फार्म | व्यवसायिक पशुपालन गरेका कृषक/समूह/सहकारी/निजि फार्म हुनुपर्ने | स्वीकृत कार्ययोजना र स्पेशिफिकेशन बमोजिम इलेक्ट्रिक च्याफकटर खरिद र सदुपयोग | ५०% लागत सहभागिता<br>बढिमा रु. २५ हजार प्रति प्रस्ताव | जिल्लाभर |
| ४ | स्वच्छ, स्वस्थ दुध व्यवस्थापनका लागि स्टेनलेस स्टिल | ७.२ लाख | ६० वटा | कृषक/ फर्म | दैनिक कम्तिमा २० देखी ४० लिटर दुध उत्पादन | स्टेनलेस स्टिल मिल्क क्यान (२० देखि ४० लिटर) | कुल लागतको बढीमा ७५ % अनुदान | जिल्लाभर |

संतोष पाठक
बागवानी विकास अधिकृत(साती)

प्रमुख

Scanned with CamScanner

| क.स | कार्यक्रमको नाम | स्विकृत बजेट | संख्या/ पटक | आवेदकको किसिम | न्युनतम मापदण्ड | सन्चालन गर्न सकिने कियाकलापहरु | अनुदान (प्रतिशत/ सिमा रकम) | कार्यक्रम लागु हुने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| | मिल्क क्यान वितरण | | | | हुनुपर्ने। प्रति प्रस्तावक अधिकतम ५ वटा | | | |
| ५ | साना कृषि मेशिनरी औंजार उपकरण वितरण | २० लाख | १ पटक | दर्ता भएको कृषि उद्यमी/कृषक समूह/ समूह सदस्य/ सहकारी संस्था | साना कृषि मेसिनरी औजार उपकरण अन्तर्गत रु ५० हजार देखी २ लाख मुल्य बराबरको कृषि औजार उपकरणहरु पर्ने। | साना कृषि मेशिनरी औजार उपकरण वितरण गर्ने। | साना कृषि मेशीनरी औजार उपकरणमा ५०% वा बढीमा रु १ लाख सम्म। | जिल्लाभर |

संलग्न गर्नु पर्ने कागजातहरु

१ अनुसुची -३५ बमोजिम प्रस्तावकको निवेदन सहित खामवन्दी प्रस्ताव।

२ दर्ता प्रमाण-पत्रको प्रतिलिपि-समूह/सहकारी/निजी कृषि फर्म/कम्पनीको हकमा।

३ स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आ व को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी)।

४ कृषक तथा समूहको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी योजना छनौट भईसकेपछी सम्झौता गर्नु अघि अनिवार्य रुपमा पेश गर्नुपर्ने।

५ कार्यक्रम सन्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कृषि तर्फका कार्यक्रमको लागि अनुसुची- ३६ तथा पशुपन्छी तर्फका कार्यक्रमको लागि अनुसुचि-३७)।

६ सम्वन्धित स्थानीय तह वा वडाको सिफारिस पत्र।

७ अनुदान माग गरिएको निर्णयको प्रतिलिपि ।

८ प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

९ माग गरेको औंजार उपकरणको स्पेशिफिकेशन, ब्रान्ड, क्षमता र मूल्य खुल्ने कोटेशन।

१० जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सन्चालन गर्नेको हकमा कम्तिमा ५ वर्षको जग्गा करार सम्झौताको प्रतिलिपि।

११ जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपि।

१२ प्रस्तावक अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत तीन वर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र (अनुसुचि -४१)।

नोटःथप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०८४-४२१२०७ वा सम्बन्धित स्थानीय तहको कृषि विकास/पशु सेवा शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ।

२०७८।०३।२५

सन्तोष पाठक
बागवानी विकास अधिकृत(साती)

२०७८।०३।२५
विनोद घिमिरे
प्रमुख

CS Scanned with CamScanner